नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.नं. २६।०८१

मितिः २०८१/०४/२७

## बंगलादेशमा अल्पसंख्यक समुदायको अधिकारको रक्षा गर्न अपिल

हालैका दिनमा बंगलादेशमा भएको राजनैतिक परिवर्तन पश्चात् आन्दोलनकारी शक्तिबाट नयाँ अन्तरिम सरकार बनिसके पश्चात समेत अल्पसंख्यक हिन्दु धार्मिक समुदाय उपर अत्याचार भईरहेको र आस्थाकै आधारमा उनीहरु माथि अत्याचार भएको हो भन्ने अन्तर्राष्ट्रिय समाचार माध्यम मार्फत आइरहेको समाचारहरु प्रति यस संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

मानवअधिकारको विश्व व्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानूनले हरेक व्यक्तिले आफ्नो आस्था बमोजिमको धर्मको अनुशरण तथा अभ्यास गर्न पाउने उसको मानवअधिकार र स्वतन्त्रता हो भनी एकिन गरेको भएतापनि बहुसंख्यक समुदायले अल्पसंख्यकको भावनाको सम्मान गर्नुको साटो अल्पसंख्यक भएकै आधारमा अत्याचार गर्ने कार्य मानवअधिकार, वैयक्तिक स्वतन्त्रता तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको समेत विपरीत रहेको स्मरण गराउँदछौं ।

तसर्थ, बंगलादेशका अल्पसंख्यक तथा धार्मिक समुदायमाथि भइरहेको अत्याचार तत्काल रोक्न तथा अत्याचारबाट भएको क्षतिको पूर्ति गर्न, दोषी उपर सजाय गराउनको लागि बंगलादेशको अन्तरिम सरकार, संयुक्त राष्ट्रसंघ लगायत मानवअधिकार र स्वतन्त्रताको पक्षमा वकालत गर्ने सरोकारवाला सबैसँग यस संगठन हार्दिक अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८